# नेशनल हाईड्रो पावर कम्पनी लि.
# National Hydro Power Company Ltd.


च. नं. ८६/०८०/०८१

मिति : २०८०/०७/२४

श्री नेपाल स्टक एक्सचेञ्ज ली.
सिंहरबार, काठमाण्डौ ।

बिषय : शेयरधनी दर्ता किताब बन्द गरि दिने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको सञ्चालक समितिको मिति २०८०/०७/२३ गते बिहिबार ४:०० बजे बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको २७ औं बार्षिक साधारण सभा मिति २०८०/०८/२२ गते तपसिलमा उल्लेखित बिषयहरुमा छलफल गर्ने निर्णय भएको हुदा उक्त साधारण सभा प्रयोजनको लागि यस कम्पनीको शेयरधनीहरुको दर्ता किताब मिति २०८०/०८/०७ गते बन्द गर्ने निर्णय भएको हुनाले सोही अनुसार दर्ता किताब बन्द गरि दिन अनुरोध गर्दछौ । साधारण सभाको सूचना यसै साथ सँलग्न छ ।

**तपसिल**

**छलफलका बिषयहरु**

**क. साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ. ब. २०७९/०८० को बार्षिक प्रतिबेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. लेखापरिक्षकको प्रतिबेदन सहित आर्थिक बर्ष २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब र सोही अबधिको नगद प्रबाह बिबरणसँग सम्बन्धित अनूसूचिहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. आ. ब. २०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख. बिशेष प्रस्ताव :**

१. कम्पनीको प्रबन्ध पत्रको दफा ६ को (क) र (ख) सँशोधन गर्ने सम्बन्धमा ।

**ग. बिबिध**

भबदिय,

..........

सन्जीव कुमार लामा
कम्पनी सचिव

P.O. Box No.: 6518, Binayaknagar Marga, New Baneshwor-10, Kathmandu. Nepal. Tel : 01-5172683, 5172685, e-mail: info@nhpc.com

Scanned with CamScanner

# नेशनल हाईड्रो पावर कम्पनी लि.
# National Hydro Power Company Ltd.

च.नं. ८९।०८०।०८१

मिति : २०८०/०७/२४

श्री नेपाल स्टक एक्सचेञ्ज ली.
सिंहरबार, काठमाण्डौ ।

बिषय : साधारण सभाको जानकारी सम्बन्धमा ।

महोदय,

यस नेशनल हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०८०/०७/२३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार, यस कम्पनीको २७ औं बार्षिक साधारण सभा मिति २०८०/०८/२२ गते बिहान ११ बजे डेलिश ओपेरा रेष्ट्रो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet) बालुवाटार, काठमाडौंमा तपसिलमा उल्लेखित बिषयहरुमा छलफल गर्ने भनि प्रथम पटक राष्ट्रिय दैनिक पत्रिकामा सार्बजनिक सूचना प्रकाशित गरिएको ब्यहोरा जानकारीको लागि अनुरोध छ । साथै उक्त प्रकाशित सूचना यसै साथ सँलग्न गरिएको छ ।

तपसिल

**छलफलका बिषयहरु**

क. **साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ. ब. २०७९/०८० को बार्षिक प्रतिबेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. लेखापरिक्षकको प्रतिबेदन सहित आर्थिक बर्ष २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब र सोही अबधिको नगद प्रबाह बिबरणसँग सम्बन्धित अनूसूचिहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. आ. ब. २०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

ख. **बिशेष प्रस्ताव :**

१. कम्पनीको प्रबन्ध पत्रको दफा ६ को (क) र (ख) सँशोधन गर्ने सम्बन्धमा ।

ग. **बिबिध**

भवदिय,

सन्जीव कुमार लामा
कम्पनी सचिब

P.O. Box No.: 6518, Binayaknagar Marga, New Baneshwor-10, Kathmandu. Nepal. Tel : 01-5172683, 5172685, e-mail: info@nhpc.com

Scanned with CamScanner



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

काठमाडौँको न्युरोडस्थित सुनचाँदी पसलमा मानिसको भीड । धनतेरसका लागि नयाँ गरगहना किन्ने प्रचलन भएकाले सुनचाँदी पसलमा मानिसको भीड देखिन थालेको छ ।

## एनसेलद्वारा थप ३ जनालाई बम्पर पुरस्कार प्रदान

काठमाडौं (अस) । एनसेल आजियाटा लिमिटेडले 'हरेक दिन सरप्राइज सबैलाई स्योर प्राइज' योजनाअन्तर्गत बुधवार थप ३ जना ग्राहकलाई बम्पर पुरस्कारमा स्कुटर प्रदान गरेको छ । बम्पर पुरस्कार काठमाडौंको नयाँ बानेश्वर, भैरहवा र जनकपुरस्थित एनसेल सेन्टरमा आयोजित कार्यक्रममार्फत हस्तान्तरण गरिएको हो ।



यो योजना एनसेलको १८औं वार्षिकोत्सवको अवसरमा ब्रान्ड प्रतिबद्धता 'हामी तपाईंकै लागि' अन्तर्गत सञ्चालन गरिएका पहलमध्ये एक भएको बताइएको छ । यो योजना भदौ ३१ देखि २८ दिनसम्म सञ्चालनमा थियो । साप्ताहिक बोनस ब्यालेन्स र बम्पर पुरस्कारका लागि योग्य हुन ग्राहकले शर्तअनुसार एनसेलको बारेमा नारा पठाएका थिए र यस अवधिमा देशभरका ग्राहकबाट कम्पनीले ४५ हजारभन्दा बढी नारा प्राप्त गरेको थियो ।

## म्याकका एडब्ल्यु र टाइटानियम ल्युब्रिकेन्ट्स नेपाली बजारमा

काठमाडौं (अस) । भारत पेट्रोलियम कर्पोरेशन लिमिटेडद्वारा उत्पादित म्याक ल्युब्रिकेन्ट्स र नेपालका लागि म्याक ल्युब्रिकेन्ट्सको आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिबीच सहकार्यको २१ वर्ष पूरा भएको छ । यो अवसरमा




म्याकका नयाँ दुई उत्पादन एडब्ल्यु र टाइटानियम नेपाली बजारमा सार्वजनिक गरिएको छ । कार्यक्रममा भारत पेट्रोलियम कर्पोरेशनका कार्यकारी निर्देशक पी सुधाहर, हेड ल्युब अमरप्रित

## दराजसँगको सहकार्यमा नबिल बैंकको इएमआई अभियान

काठमाडौं (अस) । नबिल बैंकले क्रेडिट कार्ड प्रयोगकर्ता ग्राहकलाई लक्षित गरी निःशुल्क इएमआई अभियान शुरू गरेको छ। यो साझेदारीसँग क्रेडिट कार्ड प्रयोगकर्ताले दराजबाट सामान खरीद गर्दा कुनै पनि अतिरिक्त सेवा शुल्कविना इएमआईमा रूपान्तरण गर्न सक्ने भएका हुन् ।

ग्राहकले नबिल बैंकको क्रेडिट कार्ड प्रयोग गरी दराजमा खरीद गरेर सहजै यस अभियानको फाइदा लिन सक्नेछन् । यस अभियानमा ग्राहकले ६ महीनासम्मको लागि अतिरिक्त लागतविना किस्ता सुविधा पाउनेछन् । यसअन्तर्गत तत्कालको लागि ५ हजारदेखि २ लाख रुपैयाँसम्मको सामान खरीदमा यस्तो सुविधा दिएको बैंकले जानकारी दिएको छ ।

यसैगरी बैंकले दराजको ११.११ मा गरेको खरीदमा आकर्षक छूट पनि उपलब्ध गराएको छ । ग्राहकले डेबिट कार्ड प्रयोग गर्दा खरीदमा १५ प्रतिशत र क्रेडिट कार्ड प्रयोग गर्दा २० प्रतिशत नगद छूटको सुविधा पाउने बताइएको छ ।

## नेशनल हाइड्रो पावर कम्पनी लि.

काठमाडौं-१०, बिनायक नगर, बानेश्वर

### २७औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०७/२४

यस नेशनल हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०८०/०७/२३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको २७औं वार्षिक साधारणसभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारी एवम् उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८० साल मंसिर २२ गते शुक्रबार (डिसेम्बर ८, २०२३)

समय : बिहान ११:०० बजे ।

स्थान : डेलिश ओपेरा रेष्ट्रो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet) बालुवाटार, काठमाडौं

**छलफलका विषयहरू**

**क. साधारण प्रस्ताव :**

1. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
2. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
3. आ.व. २०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्ताव :**

1. कम्पनीको प्रबन्ध पत्रको दफा ६ को (क) र (ख) संशोधन गर्ने सम्बन्धमा ।

**ग. विविध ।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू**

1. २७औं वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८०/०८/०७ गते (एक दिन) शेयर कारोबार बन्द रहने छ ।
2. २७औं वार्षिक साधारणसभाको लागि २०८०/०८/०६ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई ३ कार्य दिन भित्र दाखिल खारेज तथा नामसारीका लागि प्राप्त शेयरहरूबाट कायम रहेका शेयरधनीहरू वार्षिकसभामा भाग लिनका लागि योग्य हुनेछन् ।
3. लेखा परिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनीको ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरू निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समयभित्र कम्पनीको कार्यालय बिनायकनगर, नयाँबानेश्वर, काठमाडौंमा सम्पर्क राख्न सकिने व्यहोरा अनुरोध छ ।
4. सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र तोकेको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) प्रचलित कम्पनी कानून बमोजिम यस कम्पनीले तोकेको ढाँचामा हुनु पर्नेछ । प्रतिनिधि पत्रको ढाँचा यस कम्पनीको सूचनापाटी तथा कम्पनीको वेबसाइटमा (www.nhpcl.com) मा राखिएको छ । कम्पनीको शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन ।
5. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा कुल बिक्री भएको शेयरको १५ प्रतिशत भन्दा बढि प्रोक्सी दर्ता गरेको भएमा पनि १५ प्रतिशत भन्दा बढि मतको गन्ति गरिने छैन ।
6. एक जना शेयरधनीले एक भन्दा बढि व्यक्ति (शेयरधनी) लाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।
7. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा केही शेयर आफैसँग बाँकी राखि आफू समेत साधारणसभामा उपस्थित हुन पाउने उद्देश्यले आंशिक शेयरको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाउने छैन । अर्थात, सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु पर्दछ ।
8. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यँहा राखिने हाजिरी पुस्तिका बिहान १०:०० बजेबाट खुल्ला गरिने छ ।
9. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको कार्यालय का.जि.का.म.न.पा वडा नं. १०, बिनायकनगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

MetLife
American Life Insurance Company
Narayani Complex, Pulchowk, Lalitpur, Nepal
Tel :-+977-1-5555166, Fax: +977-1-5555173

**Condensed Statement of Profit or Loss**
For the Quarter Ended Ashwin 30, 2080 (17 October 2023)

Fig in NPR.

| Particulars | Unaudited Current Year | Unaudited Corresponding Previous Year |
|---|---|---|